देवदह नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
केरवानी, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

## नगर प्रहरी भर्ना सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७८/०७/१६)

यस देवदह नगरपालिकाको लागि तपशिलका उल्लेखित विभिन्न पदहरुमा करारमा कर्मचारी पदपुर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र कार्यालय समयमा राजश्व तिरेको रसिद सहित तोकिएको सम्पूर्ण कागजात संलग्न गरि दरखास्त दिनुहुन मिति २०७८/०७/१५ गतेको पदपुर्ति समितिको निर्णयानुसार सम्बन्धित सबैको जानकारिको लागि यो सूचना प्रकाशन गरिएको छ। आवेदन फारम तथा पाठ्यक्रम यस देवदह नगरपालिका कार्यालयको वेबसाईट www.devdahamun.gov.np बाट डाउनलोड गर्न सकिनेछ।

**तपशील**

| क्र.सं. | विज्ञापन नं. | पद | तह | पद संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | २/०७८-०७९ | नगर प्रहरी सहायक निरीक्षक (पुरुष) | सहायकस्तर चौथो | १ (एक) | |
| २. | ३/०७८-०७९ | नगर प्रहरी जवान (पुरुष) | श्रेणी विहिन | २ (दुई) | |
| ३. | ४/०७८-०७९ | नगर प्रहरी जवान (महिला) | श्रेणी विहिन | २ (दुई) | |
| ४. | ५/०७८-०७९ | नगर प्रहरी जवान (हलुका सवारी चालक) (पुरुष) | श्रेणी विहिन | १ (एक) | |

१. **आवश्यक न्यूनतम योग्यताहरुः-**

(क) शैक्षिक योग्यताः-

(१) सहायक निरीक्षक पदका लागिः- मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाण पत्र तह वा सो सरह उत्तिर्ण।

(२) प्रहरी जवान पदका लागिः- मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.ई.ई. वा सो सरह उत्तिर्ण।

(ख) नेपाली नागरिक।

(ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको।

(घ) उचाई, छाती र तौलः-

(१) पुरुष- उचाई घटीमा ५ फिट २ ईन्च, छाती नफूल्लाउदा घटीम ३१ ईन्च र फुल्लाउदा ३३ ईन्च, तौल न्यूनतम ५० के.जी.।

(२) महिला- उचाई घटीमा ५ फिट, तौल न्यूनतम ४२ के.जी.।

(ङ) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको।

(च) प्रहरी जवान (हलुका सवारी चालक) का लागि हलुका सवारी चालकको सवारी चालक अनुमति पत्र प्राप्त गरेको।

२. **दरखास्तसाथ समावेश गर्नुपर्ने कागजातहरुः-**

(क) नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि १ प्रति।

(ख) शैक्षिक योग्यताको प्रमाण पत्र (प्रत्येक तहको लाब्धाङ्क, चारित्रिक, स्थायी वा प्रोभिजनल प्रमाण पत्र) को प्रतिलिपि १/१ प्रति।

(ग) हालसालै खिचिएको दुवै कान देखिने पासपोर्ट साइजको फोटो ५ प्रति।

(घ) अनुभवका प्रमाणपत्र (बहालवाला नगर प्रहरीको हकमा बहालवाल खुल्ने प्रमाणपत्र)।

(ङ) हालको स्थायी ठेगाना खुल्ने कागजात।

(च) स्वीकृत चिकित्सकबाट प्रमाणित निरोगिताको प्रमाण पत्र।

(छ) प्रहरी जवान (हलुका सवारी चालक) पदका लागि हलुका सवारी चालकको सवारी चालक अनुमति पत्रको प्रतिलिपि।

३. **उमेरः**

(क)प्रहरी सहायक निरीक्षकका लागिः- २०७८ बैशाख १ गतेसम्म १८ वर्ष उमेर पुगेको र २४ वर्ष ननाघेको तर बहालवाला नगर प्रहरीको हकमा ३५ वर्ष ननाघेको ।

(ख)प्रहरी जवानका लागिः- २०७८ बैशाख १ गतेसम्म १८ वर्ष उमेर पुगेको र २३ वर्ष ननाघेको ।

४. **दरखास्त दस्तुरः** प्रहरी सहायक निरीक्षक पदका लागि रु. १०००/-, प्रहरी जवान पदका लागि रु. ८००/-

५. **दरखास्त बुझाउने स्थानः** देवदह नगरपालिका,नगर कार्यपालिकाको कार्यालय, केरवानी, रुपन्देही । (उम्मेदवार स्वयं उपस्थित भई दरखास्त फाराम बुझाउनु पर्नेछ र अनलाइन आवेदन लिइने छैन ।)

६. **दरखास्त दिने अन्तिम मितिः** २०७८/०८/१५ गते कार्यालय समय भित्र ।

७. **सेवा सुविधाः** सम्झौता बमोजिम ।

८. **परीक्षाको मितिः** पछि प्रकाशन गरिनेछ ।

९. **परीक्षाको किसिमः** (क) प्रारम्भिक स्वास्थ्य परिक्षण/ शारीरिक तन्दुरुस्ती परीक्षा, (ख) विस्तृत स्वास्थ्य परीक्षण परीक्षा, (ग) लिखित परीक्षा र (घ) अन्तरवार्ता ।

**नोटः-** नगर प्रहरी जवान (हलुका सवारी चालक) को लागि परीक्षाको किसिम बुदाँ नं. ९ मा भएको व्यवस्थाको अलावा सवारी चालकको लागि थप प्रयोगात्मक परीक्षा समेत हुनेछ ।

१०. **करार अवधीः** २०७९ अषाढ मसान्तसम्म ।

११. अन्य कुरा देवदह नगरपालिकाको नगर प्रहरी ऐन, २०७६ र प्रचलित कानुन बमोजिम हुनेछ ।

**पुनश्चः**

- हरेक चरणको परीक्षा समाप्ती पछि नतिजा प्रकाशन गरिनेछ र उत्तीर्ण उम्मेदवारहरुलाई मात्र अर्को चरणको परीक्षामा सम्मिलित गराइनेछ ।
- नियुक्तिका लागि सिफारिस भएका उम्मेदवारहरुले अनिवार्य रुपमा चालचलन सम्बन्धी चारित्रिक प्रमाण पत्र पेश गर्नुपर्नेछ ।

**द्रष्टव्यः** अन्य आवश्यक जानकारिको लागि कार्यालय समयमा नगरपालिकाको कार्यालयमा सम्पर्क गर्नुहोला ।

२०७८/०८/१५

..........................
रमेश गिरी
शाखा अधिकृत

रमेश गिरी
शाखा अधिकृत